नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## कर्मचारी प्रशासन शाखा

सिंहदरबार, काठमाडौं

प.सं.: २०७६/०७७

च.नं. १६०६

मितिः २०७६।१२।६

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय २०७४

जलस्रोत तथा सिंचाइ विभाग
म.नि.पि.ए.शाखा
दर्ता नं. : 3360
मिति : २०७६।१२।१०

श्री जलस्रोत तथा सिंचाइ विभाग, जावलाखेल ।
श्री विद्युत विकास विभाग, अनामनगर ।
श्री जल तथा मौसम विज्ञान विभाग, बबरमहल ।
श्री जलस्रोत अनुसन्धान तथा विकास केन्द्र, ललितपुर ।
श्री विद्युत नियमन आयोग, काठमाडौं ।
श्री भूमिगत जलस्रोत विकास समिति, बबरमहल ।
श्री नेपाल विद्युत प्राधिकरण, रत्नपार्क ।
श्री बैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र, ललितपुर ।

जलस्रोत तथा सिंचाइ विभाग
मूल दर्ता चलानी
दर्ता नं.: २२८८
मिति: ०७६/१२/१०

विषयः <u>सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्तिजन्य पदार्थ निषेध गर्ने सम्बन्धमा</u> ।

प्रस्तुत विषयमा स्वास्थ्य कर कोषको सचिवालयको. च. नं. २९४ मिति २०७६।११।२७ को पत्रको छायाँकपि आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

(चुडामणी आपगाईं)
शाखा अधिकृत

**वोधार्थः**

श्री चमेनागृह, उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय ।

- ☐ योजना, कार्यक्रम तथा समन्वय महाशाखा
- ☐ बहुउद्देश्यीय तथा सिंचाई महाशाखा
- ☐ जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा
- ☐ भूमिगत जल तथा भौमकिक महाशाखा
- ☐ सिंचाई व्यवस्थापन महाशाखा
- ☑ प्रशासन शाखा
- ☐ आर्थिक प्रशासन शाखा
- ☐ ऐन कानून परामर्श शाखा

website मा राख्ने

फोन नं. ९७७-१-४२११५११/४२००११९/४२०००३१/४२११४२६/४२११५२३/४२००१२२/४२११५०६/४२११५२५
फ्याक्सः ९७७-१-४२०००२६/४२११५०५

D:\All file moi old com\all moi file\प्रशासन २०७४-७५\चिट्ठीहरु २०७६।१२।२४.docx Last printed 3/19/2020 12:34:00 PM

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य कर कोषको सचिवालय

रामशाहपथ, काठमाण्डौ

पत्र संख्या:- २०७६/२०७७
चलानी नं.:- ८९४

२०७६/११/२७
मिति :- ..........

**विषयः** सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्तिजन्य पदार्थ निषेध गर्ने बारे।

श्री उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ।

धूम्रपान तथा सूर्ति सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक छ। यसको सेवनले फोक्सोको क्यान्सर, मष्तिस्कघात, मुख तथा घाँटिको क्यान्सर हुनका साथै कम तौल भएको, अपाङ्ग र मरेको बच्चा जन्मन्छ। धूम्रपान तथा सूर्तिमा हुने निकोटिन तथा टार, कार्वन-मोनोअक्साईडले मुटु र फोक्सोको रोग लाग्दछ। सूर्तिजन्य पदार्थमा नाईट्रोसोमाईन र बेन्जोपाइरिन जस्ता क्यान्सरका कारक तत्व हुन्छन। सूर्तिजन्य पदार्थको प्रयोगको कारणले गर्दा प्रमुख चार वटा नसर्ने रोगहरु (क्यान्सर, दिर्घ श्वासप्रश्वास, मुटुरोग र मधुमेह) लाग्ने गर्दछ। पाँच जाना मध्ये दुई जना व्यक्ति अरुले खाएको धुम्रपानको धुवाले पिडित हुन्छन्। राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सूर्तिजन्य पदार्थ सेवनको कारणले गर्दा लाग्ने नसर्ने रोग र मृत्युदर अन्य कारण भन्दा उच्च रहेको पाईन्छ।

पछिल्ला दिनमा सूर्तिजन्य पदार्थको सेवनको दर युवा वर्गमा उच्च देखिएको छ। सूर्तिजन्य पदार्थको उपयोग महामारीको रुपमा देखापरेको छ। नेपालमा हरेक वर्ष करिब सत्ताईस हजार मानिसको मृत्यु सूर्तिजन्य पदार्थको प्रयोगको कारणले लागेको रोगबाट भएको पाईन्छ। उक्त रोगको उपचारमा राज्यको अरबौं लगानि भएको छ।

सूर्तिजन्य पदार्थको प्रयोगको कारणले वर्तमान र भविष्यका पिढिहरुको स्वास्थ्य, सामाजिक वातावरण र आर्थिक पक्षमा पर्ने असर र प्रभाव बाट बचाउन र सुखि नेपाली, समृद्द नेपालको नारालाई साकार पार्न सूर्तिजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्दि गर्न सुर्तिजन्य पदार्थको आयात, उत्पादन, विक्रि वितरण तथा

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य कर कोषको सचिवालय

रामशाहपथ, काठमाण्डौ

पत्र संख्या:- २०७६/२०७७

चलानी नं.:-

मिति :- २०७६/११/२७

सेवन गर्ने कार्यलाई न्युनिकरण, नियन्त्रण तथा नियमन गर्नका लागि २०६८ सालमा सूर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ र ऐ. नियमावली, २०६८ निर्माण भई कार्यान्वयनमा रहेको व्यहोरा विधितै छ।

उक्त ऐनको दफा ५ मा व्यवस्थापक ले आफुसँग सम्बन्धित सार्वजनिक स्थलको आवश्यक्ता अनुसार विभिन्न ठाउँमा धुम्रपान तथा सुर्ति सेवन गर्न नपाउने व्यहोराको सूचना सबैले देख्न र पढ्न सक्ने गरी टाँस गर्नुपर्ने छ भन्ने उलल्लेख छ भने ऐ. ऐनको दफा १७ को उपदफा (५) को खण्ड (क) मा दफा ५ बमोजिम सुचना टाँस नगरेमा व्यवस्थापकलाई पाँचहजार रुपैया सम्म जरिवाना गर्न सक्ने उल्लेख छ ।

ऐ. ऐनको दफा ३ को उपदफा (१) ले देहायका स्थलहरुलाई सार्वजनिक स्थल मानिएको छ।

क. राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय,

ख. शिक्षण संस्था, पुस्तकालय ,तालीम तथा स्वास्थ्य सम्बन्धी संस्था,

ग. विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन,

घ. बालकल्याण गृह, शिशु स्याहार केन्द्र वृद्धाश्रम, अनाथालय, बाल उद्दान तथा क्लब,

ङ. सार्वजनिक शौचालय,

च. उद्योग तथा कल कारखानाका कार्यस्थल,

छ. चलचित्र घर, साँस्कृतिक केन्द्र तथा नाटयशाला,

ज. होटल, मोटल, रिसोर्ट रेस्टुरेन्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रवास तथा अतिथि गृह,

झ. रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस,

ञ. डिपार्टमेन्ट स्टोर तथा मिनी मार्केट,

ट. धर्मशाला तथा धार्मिक स्थल,

ठ. सार्वजनिक सवारीका प्रतिक्षालय र टिकट काउन्टर

उल्लेखित धेरैजसो सार्वजनिक स्थलहरुमा दफा ५ बमोजिमको सूचना टाँस नभएको भन्ने गुनासो आउने गरेको हुँदा तहाँ मन्त्रालय/निकाय/कार्यालय र अन्तर्गतका निकायहरुमा समेत

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य कर क्षेत्रको सचिवालय

रामशाहपथ, काठमाण्डौं

पत्र संख्या :- २०७६/२०७७

चलानी नं. :-

मिति :- २०७६/११/२७

उल्लेखित कानूनी व्यवस्था बमोजिमको सूचना टाँस गर्ने व्यवस्था मिलाई कानून कार्यान्वयनमा सहयोग गर्नुहुन सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन समितिको निर्णयानुसार अनुरोध छ।

साथै धुम्रपान तथा सूर्ति सेवन निषेधित क्षेत्र र धुम्रपान तथा सुर्ति सेवन गर्न नपाउने व्यहोरा लेखिएका स्टिकर राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्र, टेकु बाट प्राप्त गर्न सकिने व्यहोरा समेत अनुरोध छ।

बोधार्थ:-

श्री राष्ट्रिय स्वास्थ्य, शिक्षा, सुचना तथा सञ्चार केन्द्र,
टेकु, काठमाण्डौः आवश्यक स्टिकर उपलब्ध गराउने व्यवस्था गर्नुहुन।

पुस्कर राज नेपाल
उप सचिव (कानून)